श्री

राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

**२०७९/८० सालको निर्णय नं.३८१**

**पुनरावेदन नं.०७५-RB-००८५**

**मुद्दाः आयकर (२०७१।०७२)**

चितवन जिल्ला भरतपुर नगरपालिका वडा नं. १० स्थित ईन्टरनेशनल सोसाइटी फर मेडिकल एजुकेशन प्रा.लि. (स्थायी लेखा नं. ३०११११४११६) को तर्फबाट अख्तियार प्राप्त प्रमुख वित्त अधिकृत हिरामणी घिमिरे....................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..........................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक श्री गंगाराम गेलाल

शुरु निर्णय मितिः- २०७४।०९।२६

**उपस्थित कानून व्यवसायी**

पुनरावेदकका तर्फबाटः- विद्धान अधिबक्ता श्री मन्जु बुढाथोकी

**अवलम्वित नजीरः** ×

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७४।०९।२६ मा भएको संशोधित कर निर्धारणको निर्णय र आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७४/१२/१८ मा भएको पुनरावेदन दर्ता नगर्ने निर्णयमा चित्त नबुझाई सो उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) तथ आयकर ऐन ,२०५८ को दफा ११६

बमोजिम भनी करदाताको तर्फबाट यस न्यायाधिकरणमा पुनरावेदन दर्ता भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यसप्रकार रहेको छः-

**तथ्य खण्ड**

१. पुनरावेदक करदाता श्री ईन्टरनेशनल सोसाइटी फर मेडिकल एजुकेशन प्रा.लि.(स्थायी लेखा नं. ३०१११४११६) बाट आ.व. २०७१/०७२ को आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु.३,४३,९१,४८८।- कायम गरी ठूला करदाता कार्यालय, ललितपुरमा मिति २०७२/०९/२८ मा आय विवरण पेश गरेको ।

२. करदाताको आ.व. २०७१।०७२ को आय विवरण र सोसँग सम्बन्धित फाँटवारी तथा कागजात तथा प्रमाणहरुको अध्ययन, छानवीन गरी कर परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम कर कट्टी गर्न नपाउने खर्चहरु दावी गरेको तथा मुनाफा र लाभमा समावेश गर्नुपर्ने रकम समावेश गरेको नदेखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित करयोग्य आय रु.५,७९,५०,१०६।- कायम गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले १५(पन्ध्र) दिन भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा १०१(६) बमोजिम ठूला करदाता कार्यालय, ललितपुरबाट करदाताको नाममा मिति २०७४।०८।२६ मा सुचना जारी भएको ।

३. ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०८।२६ मा जारी भएको सूचना करदाताले मिति २०७४।०९।०२ मा नै बुझी लिई सोको लिखित जवाफ मिति २०७४।०९।१६ मा पेश गरेको ।

४. करदाता श्री ईन्टरनेशनल सोसाइटी फर मेडिकल एजुकेशन प्रा. लिमिटेडको आ.व. २०७१/०७२ का लागि रु.५,७९,५०,१०६।- करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७४।०९।२६ मा जारी भएको संशोधित कर निर्धारण आदेशको निर्णय पर्चा।

५. ठूला करदाता कार्यालय, ललितपुरले मिति २०७४।०९।२६ मा जारी गरेको आ.व. २०७१/०७२ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी करदाता ईन्टरनेशनल सोसाइटी फर मेडिकल एजुकेशन प्रा. लि.ले मिति २०७४।११।०६ मा प्रशासकीय पुनरावलोकनको लागि म्याद थप गरी पाउँ भनी निवेदन दर्ता गरेको र सोही मितिमा म्याद थप गरिएको व्यहोराको जानकारी गराइएकोमा म्याद थप भएपछि कम्पनीले मिति २०७४।१२।०३ भित्रमा विभागमा निवेदन दर्ता

गर्नुपर्नेमा ऐनको म्याद नाघेपछि मात्र हुलाक मार्फत आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेको देखिएको।

६. आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (१) मा कार्यालयको प्रशासकीय पुनरावलोकन गर्न सकिने निर्णय उपर सूचना पाएको मितिले ३० दिनभित्र विभाग समक्ष निवेदन दिन सक्ने, उपदफा (३) मा उक्त म्याद गुज्रन गएमा म्याद गुज्रेको मितिले ७ दिनभित्र निवेदन दिएमा विभागले बढिमा ३० दिनको म्याद थप गर्न सक्ने र उपदफा (६) मा त्यस्तो निवेदन दिने व्यक्तिले निर्धारित कर रकममध्ये विवादरहित करको सम्पूर्ण रकम र विवादित करको एक तिहाई रकम बुझाउनु पर्ने व्यवस्था गरेको छ। त्यस प्रा.लि.ले मिति २०७४।११।०६ मा प्रशासकीय पुनरावलोकनको निवेदन दर्ताको लागी म्याद थप गरी पाउं भनी निवेदन दिएको र सोही मितिमा यस विभागबाट म्याद थप गरिएको व्यहोराको जानकारी गराइएको र म्याद थप भएपछि त्यस प्रा.लि.ले मिति २०७४।१२।०३ भित्र विभागमा निवेदन दर्ता गर्नु पर्नेमा ऐनको म्याद नाघिसकेपछि मात्र निवेदन प्राप्त भएको अवस्था छ। त्यस प्रा.लि.बाट प्राप्त आ.ब. २०७१।०७२ को निवेदन अध्ययन गर्दा यसैसाथ संलग्न कर गणना तालिका अनुसार यस आ.ब.को कार्यालयको निर्णय उपर यस विभागमा प्रशासकीय पुनरावलोकनको निवेदन दर्ता गर्न विवादरहित सम्पूर्ण कर रकम रु.१,२०,३९,२२४।७६ बुझाई विवादित रकमको एकतिहाईले हुने रकम रु.३८,०१,७२०।२४ गरी जम्मा रु.१,५८,३२,९४५।०२ दाखिला गर्नु पर्नेमा प्रा.लि.ले रु.७७,४६,०००।- मात्र बुझाई रु.८०,८६,९४५।०२ कम दाखिला गरेको देखियो। तसर्थ, त्यस प्रा.लि.ले आ.ब. २०७१।७२ को आय विवरण उपर कार्यालयको संशोधित कर निर्धारण विरुद्ध प्रशासकीय पुनरावलोकनका लागि प्रेषित गरेको निवेदन आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (३) (क) र (६) को व्यवस्था अनुरुप नभएको हुँदा बेरितको निवेदन दर्ता गर्न मिल्ने अवस्था नदेखिएको भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७४।१२।१८ मा भएको निर्णय।

७. करदाताको आ.व. २०७१/०७२ का लागि रु.५,७९,५०,१०६।- करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम ठूला करदाता कार्यालय ललितपुरबाट भएको रु.२,३२,३६,३८५।५० संशोधित कर निर्धारण आदेश र संशोधित कर निर्धारण विरुद्ध प्रशासकीय पुनरावलोकनका लागि प्रेषित गरेको निवेदन आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (३) (क) र (६) को व्यवस्था अनुरुप नभएको हुँदा बेरितको निवेदन दर्ता गर्न मिल्ने अवस्था नदेखिएको भन्ने समेत व्यहोराको आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ भनी करदाताको तर्फबाट यस न्यायाधिकरणमा मिति २०७५।०६।०४ मा दर्ता भएको पुनरावेदन पत्र।

## ठहर खण्ड

८. नियम बमोजिम पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता श्री ईन्टरनेशनल सोसाइटी फर मेडिकल एजुकेशन प्रा. लिमिटेडको तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ता श्री मन्जु बूढाथोकीले ठूला करदाता कार्यालय ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र आन्तरिक राजस्व विभागका महानिर्देशकबाट प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन दर्ता गर्न नमिल्ने गरी भएको निर्णय समेत मिलेको नहुँदा बदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

९. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय, ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश तथा आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (३) (क) र (६) मा उल्लेख भएका शर्तहरु पुरा नभएकोले निवेदन वेरितको देखिँदा दर्ता गर्न मिलेन भन्ने आन्तरिक राजस्व विभागबाट भएको निर्णय समेत बदर हुनुपर्ने हो, होइन ? करदाताको पुनरावेदन जिकिर पुग्न सक्छ वा सकदैन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१०. अव करदाताको पुनरावेदन जिकीरतर्फ दृष्टिगत गर्दा, करदाता ईन्टरनेशनल सोसाइटी फर मेडिकल एजुकेशन प्रा. लिमिटेडले आ.ब. २०७१/०७२ को आयकर ऐन, २०५८ बमोजिम करयोग्य आय रु.३,४३,९१,४८८।- कायम गरी ठूला करदाता कार्यालय, ललितपुरमा आय विवरण पेश गरेकोमा करयोग्य आय रु.५,७९,५०,१०६।- कायम गरी ठूला करदाता कार्यालय ललितपुरबाट संशोधित कर निर्धारण आदेश मिति २०७४।०९।२६ मा भएको देखिन्छ। सो संशोधित कर निर्धारण आदेशको सुचना करदाताले मिति २०७४।१०।०२ मा बुझी लिई प्रशासकीय पुनरावलोकनको निवेदन दर्ताको लागि आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (३) (क) बमोजिम म्याद थपको लागि मिति २०७४।११।०६ मा आन्तरिक राजस्व विभागमा निवेदन दिएकोमा निवेदन माग बमोजिम विभागबाट ३० दिनको म्याद थप भएको जानकारी सोही दिन करदातालाई दिएको देखिन्छ। करदाताबाट थप भएको म्याद भित्र प्रशासकीय पुनरावलोकनको निवेदन दर्ता नगरी हुलाकबाट निवेदन पठाएको देखिन्छ। म्याद नाघी प्राप्त भएको करदाताको निवेदनमा आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (६) को व्यवस्था अनुरुप प्रशासकीय पुनरावलोकनको निवेदन दर्ता गर्न विवादरहित सम्पूर्ण कर रकम रु.१,२०,३९,२२४।७६ बुझाई विवादित रकमको एकतिहाईले हुने रकम रु.३८,०१,७२०।२४ गरी जम्मा रु.१,५८,३२,९४५।०२ दाखिला गर्नु पर्नेमा करदाताले रु.७७,४६,०००।- मात्र बुझाई रु.८०,८६,९४५।०२ कम दाखिला गरेको देखियो। त्यसैले करदाताले आ.ब. २०७१।७२ को आय विवरण उपर कार्यालयको

संशोधित कर निर्धारण विरुद्ध प्रशासकीय पुनरावलोकनका लागि प्रेषित गरेको निवेदन आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (३) (क) र (६) को व्यवस्था अनुरुप नभएको हुँदा बेरितको निवेदन दर्ता गर्न मिल्ने अवस्था नदेखिएको भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ भन्ने नै करदाताको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ।

११. आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (१) मा दफा ११४ बमोजिमका प्रशासकीय पुनरावलोकन गर्न सकिने निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णयको सुचना पाएको मितिले तीस दिनभित्र सो निर्णय विरुद्ध विभाग समक्ष निवेदन दिन सक्नेछ भन्ने व्यवस्था गर्दै सोही दफाको उपदफा (३) मा उपदफा (१) बमोजिम निवेदन दिने म्याद गुज्रिन गई कुनै व्यक्तिले म्याद थपको लागि म्याद गुज्रेको मितिले सात दिनभित्र निवेदन दिएमा विभागले देहाय बमोजिम गर्न सक्नेछः- भन्ने व्यवस्था गर्दै खण्ड (क) मा मनासिब कारण देखिएमा उपदफा (१) बमोजिम निवेदन दिने म्याद गुज्रेको मितिबाट बढीमा तीस दिनको लागि म्याद थप्न, र खण्ड (ख) मा सो निवेदन उपर विभागले गरेको निर्णयको लिखित सुचना निवेदकलाई दिन भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ। यी पुनरावेदक करदाताले प्रशासकीय पुनरावलोकनको निवेदन दिने म्याद थपको लागि मिति २०७४/११/०६ मा निवेदन दिइ ३० दिनको म्याद थप भएको समेत देखियो। उक्त थप भएको म्याद भित्र कानूनले निर्धारण गरेको रकम दाखिल गर्ने लगायतका शर्त पुरा गरी करदाताले प्रशासकीय पुनरावलोकनको निवेदन दर्ता नगरेको र हुलाक मार्फत निवेदन पठाएको देखियो। यस स्थितिमा आन्तरिक राजस्व विभागका महानिर्देशकले म्याद भित्र निवेदन पर्न नआएको र दाखिल गर्नुपर्ने अविवादित सम्पुर्ण कर रकम र विवादीत रकम मध्ये एकतिहाईले हुने रकम जम्मा गर्नुपर्ने कानूनी शर्त समेत पुरा नगरी हुलाक मार्फत पेश भएको उक्त निवेदन आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (३) (क) र उपदफा (६) अनुरुप नभएको आधार र कारण खोली दर्ता गर्न नमिल्ने भनी मिति २०७४/१२/१८ मा निर्णय गरी सोको जानकारी च.नं. ६७९ मिति २०७४/१२/१८ को पत्रबाट करदातालाई दिएको देखिन आयो। उक्त निर्णयमा चित्त नबुझेमा करदाताले मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ बमोजिम विभागको पुनरावेदन सुन्ने यस न्यायाधिकरणमा निवेदन दिन सक्नेमा करदाताले उक्त मार्ग अबलम्वन नगरी प्रस्तुत पुनरावेदन दर्ता गर्न आएको देखियो।

१२. आयकर ऐन, २०५८ को दफा ११६ को उपदफा (१) मा दफा ११५ बमोजिम विभागमा दिएको निवेदन उपर भएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले राजस्व न्यायाधिकरण ऐन, २०३१ बमोजिम राजस्व न्यायाधिकरणमा पुनरावेदन दिन सक्ने

व्यवस्था गरेको छ भने राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६ को उपदफा (१) मा राजस्व सम्बन्धी मुद्दामा न्यायाधिकरणको पुनरावेदन र निवेदन सुन्ने अधिकारक्षेत्र यो ऐन र प्रचलित नेपाल कानून बमोजिम हुनेछ भन्ने व्यवस्था रहेको देखियो। करदाता यस न्यायाधिकरणको निवेदन सुन्ने अधिकारक्षेत्र अन्तर्गत आउनु पर्ने विषयमा पुनरावेदन सुन्ने अधिकारक्षेत्र अन्तर्गत आएको पाइयो। यस न्यायाधिकरणमा पुनरावेदन लाग्नको लागि प्रशासकीय पुनरावलोकनको निवेदनमा आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (७) वा (८) बमोजिमको अबस्था हुनु पदर्छ। महानिर्देशकलाई कर अधिकृतले दफा १०१ बमोजिम गरेको कर निर्धारण ठीक भए नभएको सम्बन्धमा जाँचवुझ गरी कर अधिकृतले गरेको मुल्याङ्कनलाई नै कायम गर्ने, बदर गर्ने, आयकर ऐन बमोजिम आफैले कर निर्धारण गरिदिने वा कर अधिकृतलाई पुनःकर निर्धारणको लागि आदेश दिने सम्मका बृहत कानूनी अधिकार विद्यायिकाले नै प्रदान गरेको पाइन्छ। विभाग समक्ष निवेदन दिँदा कर अधिकृतले दफा १०१ बमोजिम गरेको संशोधित कर निर्धारण अनुसार लाग्ने कर रकम सम्बन्धित कर कार्यालयमा धरौटी राखु पर्ने कुरालाई पनि विद्यायिकाले नै वाध्यात्मक शर्तको रुपमा ऐनको दफा ११५ को उपदफा (६) मा व्यवस्था गरेको देखिन्छ। सो शर्तको समेत पालना नभएको भनी करदाताको निवेदन दर्ता गर्न नमिल्ने निष्कर्षमा आन्तरिक राजस्व विभागका महानिर्देशक पुगेको देखियो।

१३. करदाताले दिएको प्रशासकीय पुनरावलोकनको निवेदन दर्ता गरी सो को औचित्य भित्र प्रवेश गरी आन्तरिक राजस्व विभागका महानिर्देशकले निर्णय गरेको अवस्था नभई यी करदाताले दिएको निवेदन आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (३) (क) र (६) को व्यवस्था अनुरुप नभएको हुँदा बेरितको निवेदन दर्ता गर्न मिल्ने अवस्था नदेखिएको भनी भएको निर्णय उपर यस न्यायाधिकरणमा पुनरावेदन लाग्ने कानूनी आधार नदेखिँदा आधारहीन पुनरावेदन पत्रको औचित्य भित्र प्रवेश गर्न परेन। प्रस्तुत पुनरावेदन पत्र खारेज हुने देखियो।

१४. तसर्थ माथि विवेचित आधार एवं कारण समेतबाट करदाताले प्रशासकीय पुनरावलोकनको लागि आन्तरिक राजस्व विभागमा हुलाक मार्फत पेश गरेको निवेदनमा आयकर ऐन, २०५८ को दफा ११५ को उपदफा (३) (क) र (६) अनुरुप नभएको भनी वेरितको निवेदन दर्ता गर्न नमिल्ने गरी विभागबाट मिति २०७४।१२।१८ मा निर्णय गरी सोको जानकारी करदातालाई च.नं. ६७९ मिति २०७४।१२।१८ मा दिएकोमा यस्तो निवेदन दर्ता नगर्ने निर्णय उपर चित्त नबुझेमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा १५७ बमोजिम वेरितको आदेश बदर तर्फ यस न्यायाधिकरणमा आउनु पर्नेमा पुनरावेदन दर्ता गरेको कार्य आयकर ऐन, २०५८ को दफा ११६ अनुकुल नदेखिंदा प्रस्तुत

पुनरावेदनको औचित्य भित्र प्रवेश गर्न परेन। प्रस्तुत पुनरावेदन पत्र खारेज हुने ठहर्छ। अरु तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. माथि ठहर खण्डमा लेखिए बमोजिम प्रस्तुत पुनरावेदन खारेज हुने ठहरेकोले फैसलाको प्रतिलिपी सहितको जानकारी बिशेष सरकारी वकीलको कार्यालयलाई पठाईदिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुरमा पठाई दिनू।
५. प्रस्तुत मुद्दाको रेकर्ड मिसिल यस न्यायाधिकरणको अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
इजलास अधिकृतः श्री भिष्म भट्टराई
ईति सम्वत् २०८० साल बैशाख २१ गते रोज ५ शुभम् ----------------------
फैसला प्रमाणिकरण गर्नेः-
फैसला प्रमाणिकरण मितिः-                    राजस्व न्यायाधिकरण काठमाडौंको छाप